जि.प्र.का.द.नं. : ४८/२०७३/०७४
जि.हु.द.नं. : १/२०७४/०७५

साप्ताहिक
# जननिगरानी

व्यवसायीक पत्रकारीता लोकतन्त्रको आधार,
सम्वृद्ध र विकासको साझेदार

Jananigrani Weekly

वर्ष ६, अंक ४९ जेठ १४ गते आइतबार २०८०, 28 May Sunday 2023 नेपाल सम्वत ११४३, पृष्ठ ६ मूल्य रू. ८।-




# गलकोट बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा

अर्जुन कार्की
बागलुङ



बागलुङको गलकोट नगरपालिकालाई बालमैत्री स्थानीय शासनयुक्त नगर घोषणा गरिएको छ। बागलुङका दश स्थानीय तहमध्ये गलकोट पहिलो बालमैत्री नगर घोषित भएको हो।

५१ वटा सूचक पूरा गर्दै बालमैत्री स्थानीय शासन घोषणा गरिएको नगरपालिकाले जनाएको छ। बालमैत्री स्थानीय शासन घोषणा गण्डकी प्रदेशका सामाजिक विकास तथा स्वास्थ्य मन्त्री शुशिला सिंखडाले गर्नुभयो। घोषणा गर्दै उहाँले बालबालिका भविष्यका कर्णधार भएको बताउनुभयो।

मन्त्री सिंखडाले बालबालिकाको समुन्नति र समृद्धि नै देश विकासको आधार रहेको बताउनुभयो। 'बालबालिकाको समुन्नति र समृद्धि नै देश विकासको आधार हो,' मन्त्री सिंखडाले भन्नुभयो,'बालबालिका संरक्षणको राज्यले गर्नुपर्छ।'

नगरपालिकाले बालमैत्री नगरपालिका घोषणाका लागि आवश्यक शिक्षा, स्वास्थ्य, खानेपानी र पूर्वाधार लगायतका ५१ सूचकहरु पुरा गरेर जिल्ला समन्वय समिति बागलुङ तथा गण्डकी प्रदेश सरकारबाट प्रमाणित भएपछि शनिबार बालमैत्री नगरपालिका घोषणा गरिएको नगर प्रमुख भरत शर्मा गैरेले जानकारी दिनुभयो।

बालमैत्री पालिका घोषणाको लागि नगरपालिकाले ११ वटै वडामा बाल सञ्जाल, बालमैत्री शाखा बनाएको छ। पालिकाले बालबालिकामैत्री वातावरण निर्माणको लागि सवै वडा र नगरपालिका भित्रका सवै विद्यालयहरुमा बाल समूह गठन गरिएको नगर प्रमुख गैरेले बताउनुभयो।

२०७७ साल मंसिरमा निर्णय गरेर बालमैत्री नगरपालिका घोषणाको लागि तयारी गरिएको नगरप्रमुख शर्माको भनाई छ। अभियानको क्रममा नगरपालिकाले १५ वटा बाल विवाहलाई उमेर पुगेपछि गर्ने सर्तमा बालबालिकालाई घरमा फर्काएको र विवाहको समय तोकिएको १ वटा बालविवाह रोकेको नगरप्रमुख गैरेले बताउनुभयो। बालविवाह रोक्नको लागि सवै वडाहरुमा घरदैलो कार्यक्रम गरेर जनचेतना जगाउने र नगरपालिकामा वडा तहमा बाल क्लब गठन गरी सक्रिय बनाउने काम गरेको नगरपालिकाले जनाएको छ। नगरपालिकामा ११ हजार बढी बालबालिका रहेका छन्।

नगर प्रमुख गैरेले बालमैत्री स्थानीय शासन घोषणा गरेर दिगो विकासका लक्ष्य पूरा गर्न अघि बढेको बताउनुभयो। उहाँले बालमैत्री स्थानीय शासन दिगो विकासका लागि महत्वपूर्ण भएको बताउनुभयो।

शिक्षा, आधारभूत खानेपानी, बालविवाह मुक्त, बालश्रम मुक्त, बालमैत्री संरचना निर्माण, स्तनपान कक्ष, सार्वजनिक शौचालय तथा बालमैत्री पार्कको समेत व्यवस्थापन नगरपालिकाले गरेपछि बालमैत्री नगरपालिका घोषणा गरिएको हो। 'केही पुराना संरचना बालमैत्री छैनन्,' नगरप्रमुख गैरेले भन्नुभयो,'सुधार गर्न सक्नेलाई बालमैत्री बनाएका छौं। नयाँ निर्माण गर्ने संरचनाहरु बालमैत्री बन्नेगरी मात्रै नक्सा पास गर्छौं।'

नगरपालिकाले वडा र समुदाय तहसम्म बालमैत्री स्थानीय शासन कार्यान्वयन समिति बनाइएको थियो। घर-घरमा बालबालिकालाई गर्ने व्यवहारदेखि बिद्यालय तहमा पढाउने तरिका, स्वास्थ्य र सरसफाइका सबै सूचक पुरा गर्दै नगरभित्र बन्ने सबै संरचनामा बालमैत्री सूचक पुरा गर्ने लक्ष पुरा भएको हो।

नगरप्रमुख गैरेले नगरपालिकाले पाँच वर्षे रणनीतिक योजना बनाएको र घोषणापछि पाँच वर्ष टिकाउने प्रतिबद्धता व्यक्त

.............. बाँकी ६ पेजमा

# ताराखोलाको गाउँपालिकाको विकास खर्च ६० प्रतिशत

जननिगरानी संवाददाता
बागलुङ

## ३८ लाख बढी राजश्व संकलन




बागलुङको ताराखोला गाउँपालिकाले चालु आर्थिक वर्ष २०७९/०८० को १० महिना वितिसक्दा कुल बजेटको ६० दशमलव ३ प्रतिशत बजेट मात्रै खर्च गर्न सकेको छ। कुल बजेट ४१ करोड ४० लाख १७ हजार १ सय ५५ मध्ये २४ करोड ९६ लाख ८७ हजार ६ सय ८३ रुपैयाँ खर्च भएको गाउँपालिकाले जनाएको हो। गाउँपालिका अध्यक्ष धन बहादुर विकले चालु आर्थिक वर्षको १० महिनामा चालु शिर्षक तर्फ (सशर्त अनुदान चालु सहित) ६९ दशमलव ३९ प्रतिशत र पुँजिगत तर्फ ५१ दशमलव २६ प्रतिशत खर्च भएको बताउनुभयो।

गाउँपालिका चालु शिर्षक तर्फ (सशर्त अनुदान चालु सहित) २२ करोड ५२ लाख ८९ हजार रहेकोमा १५ करोड ६३ लाख ३४ हजार ८ सय २९ रुपैयाँ मात्रै खर्च भएको र पुँजिगततर्फ १८ करोड ८७ लाख २८ हजार १ सय ५ रुपैयाँ बजेट रहेकोमा ९ करोड ३३ लाख ५२ हजार ८ सय ५४ रुपैयाँ मात्रै खर्च गरेको छ।

ताराखोलाले सवैभन्दा धेरै वन, वातावरण तथा विपद व्यवस्थापन र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा ८८ दशमलव १८ प्रतिशत बजेट खर्च गरेको छ। २ करोड १४ लाख ८ हजार ५० रुपैयाँ बजेट रहेको वन, वातावरण तथा विपद व्यवस्थापन र सुशासनमा १ करोड ८८ लाख ७६ हजार ६५४ रुपैयाँ खर्च भएको छ। आर्थिक विकासमा ३ करोड ९५ लाख ६० हजार रहेकोमा १ करोड २२ लाख ९२ हजार ९०३ रुपैयाँ ३१ दशमलव ७ प्रतिशत खर्चभएको छभने सामाजिक विकास तर्फ १९ करोड ८७ लाख ४ हजार ३६० रुपैयाँ विनियोजित बजेटमा १३ करोड २३ लाख ५६ हजार ८३९ रुपैयाँ खर्च गरेको गाउँपालिका अध्यक्ष विकले बताउनुभयो।

यस्तै पूर्वाधार विकास तर्फ ८ करोड १२ लाख ६२ हजार ६२२ रुपैयाँ विनियोजित बजेट मध्य ४ करोड ३० लाख ७३ हजार ८१२ रुपैयाँ र कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ ६ करोड ३० लाख ८१ हजार १२३ रुपैयाँ विनियोजित बजेट मध्य ४ करोड ३० लाख ८७ हजार ४७५ रुपैयाँ खर्च भएको गाउँपालिका अध्यक्ष विकको भनाई छ।

गाउँपालिकाले १०

.............. बाँकी ६ पेजमा









गुहेली सञ्चार सहकारी संस्था लिमिटेडद्वारा संचालित जननिगरानी साप्ताहिक

अध्यक्ष: खिमबहादुर कार्की
सम्पादक: नविन शिशिर वि.क.
अतिथि सम्पादक: दिल शिरीष
सह-सम्पादक: अर्जुन कार्की
कार्यालय: काँठेखोला गाउँपालिका-२, भीमापोखरा
सम्पर्क कार्यालय: बागलुङ नगरपालिका-२, बागलुङ
फोन नम्बर: ०६८-५२२०२४, ९८५७६२०३००, ९८५७६२५५५०
इमेल: Jananigrani.bgl@gmail.com
मुद्रण: नमुना छापाखाना,
बागलुङ नगरपालिका-३, बागलुङ

## सम्पादकीय

# बालमैत्री स्थानीय तह बनाउ

बागलुङको गलकोट नगरपालिकालाई जिल्लाकै पहिलो बालमैत्री शासनयुक्त नगरपालिका घोषणा गरिएको छ । ५१ वटा सूचक पुरा गरेपछि गलकोटलाई शनिबार बालमैत्री नगरपालिका घोषणा गरिएको हो । यस अघि नगरका सबै ११ वटै वडालाई बालमैत्री घोषणा गरिएको थियो । बागलुङका दश वटा स्थानीय तहमध्य गलकोट पहिलो बालमैत्री नगरपालिका घोषणा भएको छ । २०७७ मंसिर देखि नै नगरलाई बालमैत्री बनाउन जनप्रतिनिधिहरू, कर्मचारी, विद्यालय, बाल क्लब, विभिन्न संघसंस्था, टोल विकास संस्थाहरू, सरकारी र गैरसरकारी सेवा प्रदायक संस्थाहरू लगायत सरोकारवालाले सामूहिक प्रयास थालेका थिए । बालबालिका भनेका भोलिका कर्णधार भएकाले देशका हरेक पालिका बालमैत्री बनाउनु आजको आवश्यकता हो । सबै स्थानीय तहलाई बालमैत्री बनाउनको लागि सरोकारवाला निकायहरूको प्रयास आवश्यक रहेको छ । देशको दिगो विकासको लागि पनि बालमैत्री शासनयुक्त पालिका आवश्यक रहेको छ । आजका बालबालिकाहरूलाई अनुकूल वातावरण दिन सकेमा मात्र उनीहरू भोलिका आधार स्तम्भ बन्न सक्छन् । त्यसैले प्रत्येक घर, समुदाय, विद्यालय तथा विकास निर्माणका सबै संरचनाहरू बालमैत्री हुनुपर्दछ ।

बाल अधिकारको विष्यमा नेपालले अन्तराष्ट्रिय समुदायमागरेका प्रतिबद्धता पूरा गर्न तथा बाल अधिकार प्रवर्द्धन गर्न जारी कानुनको प्रभावकारी कार्यान्वयनका लागि समेतबालमैत्री स्थानीय शासन निकै महत्वपूर्ण मानिन्छ । नेपाल सरकारले सबै स्थानीय तहलाई वि.सं. २०८७ सम्ममा बालमैत्री बनाउने लक्ष्य लिएको छ । स्थानीय तहको आवधिक तथा बार्षिकयोजनामा बाल अधिकारका सवाललाई प्राथमिकता दिने, समुचित विकासका लागि आवश्यक पर्ने सबै सेवा, सुविधामा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउने उद्देश्य बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ को रहेको छ । स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानुन तर्जुमा गर्दा बालबालिकाको सहभागिता गराउने, स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधार बालमैत्री बनाउने तथा बालबालिकाको हितविरूद्ध हुने सबै प्रकारका हिंसाको उन्मूलन गर्ने उद्देश्य निर्देशिकाको छ । बालमैत्री शासन भनेको विकासका सबै प्रयासहरुलाई बालबालिकाको आँखाले हेर्ने र सोहीअनुसार निर्देशित हुने अभ्यास नै हो । स्थानीय तहअनुसार बालबालिकाका समस्या केही फरक हुन सक्छन् । यद्यपि बाल संरक्षणमा बालविवाह, बालश्रम, लागूपदार्थ दुर्व्यसनीमा लागेका बालबालिका र अभिभावकविहीन बालबालिकाको पाटो साझा चुनौतीका रुपमा देखिएको छ । सुधारको विकल्प सुधार नै हो भनेझैँ सामाजिक रुपमा रहेका यस्ता विकृति, विसङ्गति र समस्या हटाउन पालिकाहरु योजनाबद्ध तरिकाले अग्रसर हुनैपर्छ ।

गाउँ र नगरपालिकालाई बालमैत्री बनाउनु सबै पालिकाको दायित्व हो । बालमैत्री गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित र बाल सहभागिताको सिद्धान्तमा आधारित भई बालअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन गर्न राज्यको तर्फबाट पहल लिनुपर्दछ । नेपालमा धेरै अभियानहरू घोषणापछि सुस्ताका र पछि फर्केको अवस्था पनि विद्यमान छ । घोषणा गर्नु मात्रै ठूलो कुरा होइन, यस कार्यको निरन्तरता प्रमुख कुरा हो । बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा भएका स्थानीय निकायहरूले बालबालिका सम्बन्धी स्थानीय विकास योजना बनाएर हरेक वर्ष नीति तथा कार्यक्रम गराउँदै अघि बढ्नुपर्दछ ।

## बागलुङका १० स्थानिय तहका प्रमुख र उपप्रमुखहरुको फोन नम्बर

### नगरपालिकाहरु

**बागलुङ नगरपालिका**
प्रमुखः बसन्तकुमार श्रेष्ठ
उपप्रमुखः राजु खड्का

**जैमिनी नगरपालिका**
प्रमुखः नर बहादुर पुन (९८६३०४१३५५)
उपप्रमुखः हरिहर शर्मा (९८५११५७९९१)

**गल्कोट नगरपालिका**
प्रमुखः भरत गैरे (९८५७६४०७५१)
उपप्रमुखः फमलाल निउरे (९८५७६४०७५२)

**ढोरपाटन नगरपालिका**
प्रमुखः देव कुमार नेपाली (९८५६०२६३३०)
उपप्रमुखः धन बहादुर कायत (९८४३५१२७५८)

### गाउँपालिकाहरु

**काठेखोला गाउँपालिका**
अध्यक्षः राजु थापा (९८५७६७७००१)
उपाध्यक्षः तेज बहादुर थापा (९८५११९६४९०)

**ताराखोला गाउँपालिका**
अध्यक्षः धन बहादुर बि.क (९८५७६६६११२६)
उपाध्यक्षः भिम बहादुर रोका (९८५७६६६११२७)


**बरेङ गाउँपालिका**
अध्यक्षः कृष्ण प्रसाद शर्मा (९८५७६२२५५१)
उपाध्यक्षः दिलिप कुमार पुन (९८५११७०४५८)

**बडिगाड गाउँपालिका**
अध्यक्षः गण्डकी थापा अधिकारी (९८५७६६६०९९)
उपाध्यक्षः भिमसेन वन (९८५७६६६१००)

**निसीखोला गाउँपालिका**
अध्यक्षः सुर्य बहादुर घर्ति (९८४६८३११११)
उपाध्यक्षः प्रेम बहादुर घर्ति मगर (९८५७६२८३११)

**तमानखोला गाउँपालिका**
अध्यक्षः जोकलाल बुढा (९८५७६२१२१९)
उपाध्यक्षः हिरा कुमारी छन्त्याल (९८६७६४३७९९)

# 'ई-हाजिरी' कि 'नो हाजिरी' !


डा. बच्चुकैलाश कैनी

**हाम्रा माननीयहरुले पनि संसदमा हाजिर नै गर्नु नपर्ने गरी सबै जनताको विश्वास जित्ने र विश्वासको वातावरण बनाउने काम गर्ने हो भने कुनै पनि हाजिरी वा 'ई-हाजिरी' को जरुरत पर्दैन। उहाँहरुले राम्रो काम गर्ने, आफ्नो कर्तव्य राम्रोसँग पालना गर्ने र देश, समाज र जनताको समृद्धि र समुन्नत नेपालको लागि निष्ठापूर्वक काम गर्ने हो भने उहाँहरुको लागि 'नो हाजिरी' भनिदिए हुँदैन र ?**

भर्खरै मात्रै एउटा समाचार पढें, 'संघीय संसदमा छिट्टै ई-हाजिरी लागू गर्ने तयारी हुँदैछ।' यो पढ्ने बित्तिकै मेरो मनमा धेरै कुरा आए । उतिबेला रजिस्टरमा हाजिर गरेको सम्झिएँ । नेपालमा मैले केही वर्ष पहिले काम गर्ने कार्यालयमा ई-हाजिरी लागू गर्दा भोगेका कुरा याद आए । बेलायतमा १६ वर्षे जागिरे जीवनका भोगाइ त भुल्ने कुरै भएन । नेपालमा पहिले पहिले हाजिरी कापी वा रजिस्टरमा बिहान कार्यालय पुग्ने बित्तिकै र साँझमा कार्यालयबाट निस्कनु भन्दा अघि समय लेखी दस्तखत गरी हाजिरी गर्ने प्रचलन थियो । सुरु-सुरुमा जागिर गर्न जाँदा हाजिर कापीमा हाजिर गर्दा मन कम्ती खुशी हुँदैनथ्यो ।

त्यस्तै, वर्षको अन्त्यमा कालो, नीलो र कहीं कहीं रातो कलमले लेखेको बाह्रै महिनाको पूरै हाजिर पेज हेर्दा कति छिट्टै वर्ष बितेछ भन्ने आभास हुन्थ्यो । हाजिर कापीमा हाजिर गर्ने प्रचलनलाई अहिले करिब-करिब ई-हाजिरीले विस्थापित गर्ने अवस्था छ । समयानुकूल परिमार्जन वा सुधार हुँदै प्रविधिको प्रयोग हुनु स्वाभाविक हो । समयको माग पनि यही हो । तर, अस्वाभाविक के हो भने देशकै नीति-नियम बनाउने समाजका सबैभन्दा अग्रज, विधायिका भनेर चिनिने र जनताले विश्वास गरेका वा जनमत प्राप्त जनप्रतिनिधिले हाजिरीको दुरूपयोग गरेकोले वा नैतिकता, सभ्य समाजको मूल्य र मान्यता भन्दा बाहिर गएर काम गरेकोले सो रोक्न ई-हाजिरी प्रयोग गर्नुपर्ने अवस्था आउनु दु:खदायी र दुर्भाग्यपूर्ण खबर हो । उच्चतम नैतिकता देखाएर देश र समाजलाई अग्रपथमा लैजाने, देशलाई समृद्धि र समुन्नत बनाउने जिम्मेवारी जनप्रतिनिधिको हो । जनप्रतिनिधिको हरेक काम पारदर्शी हुनु जरुरी छ । उनीहरू सबैको लागि नमूना हुनुपर्छ ।

उनीहरू मात्रै हैन जो-कोही अग्रजले कहीं कतै आफ्नो बाटो बिराउने छुट हुँदैन । यो कुरा जनप्रतिनिधिको हकमा मात्रै हैन, समाजका सबै नागरिकले पालना गर्नुपर्छ। तर, सुधारको सुरुवात अग्रजले गर्ने हो र जनप्रतिनिधि सबैको मान्य हुने हो । त्यो पनि नामले हैन कामले हुने हो । कतिपय कुराहरू भनिरहनु पर्दैन । समाजमा एउटा प्रचलित मान्यता हुन्छ । त्यसलाई सबैले मान्नुपर्ने हुन्छ । कतिपय कुरा लिखितमा नै हुनुपर्छ भन्ने पनि छैन । जस्तो कि बेलायतको संविधान अलिखित छ तर पनि, सबैले मान्छन् । त्यसको पूर्ण परिपालना हुन्छ । सामाजिक मूल्य, मान्यता र नैतिकताको कुरा गर्दा कसैले भनिरहनुपर्ने वा सम्झाइरहनुपर्ने हुनु नपर्ने हो । जसले कहीं केही काम गर्छ र त्यसको लागि नियमले तलब वा भत्ताको व्यवस्था गरेको हुन्छ भने त्यहाँ तलब वा भत्ता पाउनको लागि उपस्थित भएर मात्रै हुँदैन, तोकिएको काम नै गर्नुपर्ने हुन्छ । त्यस्तै बैठकमा उपस्थित भएर तोकिएको ठाउँमा बस्नु, माननीयहरूको कुरा सुन्नु, आफ्नो कुरा सुनाउनु र विचार राख्नु माननीयहरूको काम, कर्तव्य र अधिकार हो । जति सक्रियतापूर्वक बैठकमा भाग लियो, उति आफ्नो कुरा राख्ने, केही कुरा सुन्ने र बुझ्ने अवसर मिल्छ ।

तर, हाम्रा धेरै माननीयको कुरा नै बेग्लै छ । कतिपय माननीय बैठकमा अनुपस्थित हुने, कोही बैठकमा भत्ताको लागि मात्रै हाजिर जनाउने, कतिपय उपस्थित भए पनि निदाउने, धेरैले बैठकमा सक्रियता नजनाउने आदि कुरा सामान्य नै भइसक्यो । बैठकमा नबस्ने तर उपस्थित जनाएर निस्कनु गैरकानुनी मात्रै हैन, सामाजिक मान्यता र नैतिकताको पनि विपरीत हो ।

नेपालमा ई-हाजिरी अर्थात् इलेक्ट्रोनिक हाजिरी गर्ने कुरा भर्खर-भर्खर केही वर्ष यता सुरु भएको हो । यो प्रणाली विस्तारै देशका सुगम मात्रै हैन दुर्गमतिर पनि लागू हुँदै गइरहेको समाचार पढ्न र सुन्न पाइन्छ । प्रविधिले फड्को मारेसँगै ई-हाजिरीको प्रचलन भरपर्दो, किफायती र विश्वसनीय बनेको कुरा नकार्न सकिंदैन । यसका पक्ष र विपक्ष दुवैमा तर्क र वितर्क गर्न सकिन्छ, तर यो लेखको उद्देश्य त्यो हैन । कर्मचारी वा हाजिर गर्ने जो कोही इमानदार नहुने हो भने ई-हाजिरीले मात्रै दुरूपयोग रोक्दैन भन्ने कुरा मैले अनुभव गरेको छु । केही वर्ष पहिले म कार्यालय प्रमुख भई काम गरेको नेपालको एउटा कार्यालयको एउटा घटना सुनाउँछु । पहिले आफ्नो परिचयपत्र कार्ड रिडरमा देखाएर, छुवाएर वा ट्याप गरेर ई-हाजिरी गर्ने प्रचलन थियो । अधिकांश कर्मचारीले इमानदारीपूर्वक ई-हाजिरी गर पनि केही कर्मचारीले छिटो जानु पर्दा वा अर्को दिन ढिलो आउने हो भने आफ्नो कार्ड आफ्नो साथीलाई दिने र हाजिर गर्न लगाउने गरेको पाइयो ।

यसैलाई रोक्न हामीले आँखाको रेटिना पढ्न सक्ने वा हातको औंठा छाप गरेर हाजिर गर्ने वा दुवै हुने व्यवस्था मिलाउनुपर्ने भयो । हातको औंठा छाप प्रयोग गर्दा कतिले मेरो हात यो मेसिनले पढ्न सक्दैन भन्नेसम्मका बहाना बनाए । कति पटक कर्मचारीले नै मेसिन बिगारेर दु:खद र खेदपूर्ण हर्कत गरेको पनि जानकारी आयो । 'जहाँ इच्छा त्यहाँ उपाय' वा 'चोरका अनेक दाउ' भने झैं मान्छे स्वयं इमानदार नहुने हो भने प्रविधिको प्रयोगले मात्रै पनि सबै किसिमको दुरूपयोग रोक्न सकिंदैन ।

अब, यता बेलायततिरको कुरा गरौं । करिब १६ वर्ष बेलायतमा काम गर्दा मैले पूर्णकालीन र आंशिक गरी नौ वटा संस्थाहरूमा काम गर्ने अवसर पाएँ । त्यो पनि एउटा बाहेक सबै सरकारी अस्पताल र विश्वविद्यालयमा काम गरें मैले । यो १६ वर्षे बेलायती जागिरे जीवनमा अहिलेसम्म कुनै पनि संस्थाहरूमा मैले हाजिरी गरेको अनुभव छैन । मैले मात्रै हैन मैले काम गर्ने यी कार्यालय वा संस्थाहरूमा अरु कोही कर्मचारीले पनि हाजिरी गरेको देखेको र सुनेको छैन मैले । किनकि त्यहाँ कसैलाई पनि हाजिर गर्नुपर्ने नियम थिएन । केवल कामको प्रतिफल वा नतिजाले नै हाजिर भएको प्रमाणित हुने अवस्था थियो । कामको प्रतिफल नआउने हो भने हाजिर गरेर मात्रै त्यसको कुनै मतलब हुँदैन । कार्यालयमा काम गर्दा वा कुनै काम गर्दा मुख्य कुरा वा उद्देश्य हाजिर गर्ने हैन, कसैले कामको कति प्रतिफल दियो वा कामको कस्तो नतिजा आयो भन्ने हो ।

बेलायतमा यसो किन हुन्छ ? यसका धेरै कारण छन् । बेलायतको समाज सभ्य छ । अधिकांश मानिस कर्तव्यनिष्ठ छन् । आफ्नो जिम्मेवारी राम्रोसँग पालना गर्छन् । धेरैजसो मानिस आफ्नो उत्तरदायित्व राम्रोसँग बहन गर्छन् । देश र समाज पनि विधि र विधानमा चल्छ । हरेक कर्मचारीले आफ्नो कर्तव्य र दायित्व इमानदारीपूर्वक पालना गर्ने हो भने हाजिरीको जरुरत किन पर्छ ? यदि कसैलाई हप्ताको पाँच दिन सोमबारदेखि शुक्रबारसम्म ९-५ को समय काम गर्ने गरी समयतालिका तोकिएको छभने उसले त्यही समयतालिका अनुसार काम गर्नुपर्छ र गर्छ भन्ने मान्यता हुन्छ । कुनै काम परेर छुट्टी लिनु परेको अवस्था वा बिरामी भएको अवस्थामा मात्रै खबर गर्नुपर्ने वा फर्म भर्नुपर्ने हुन्छ। अन्यथा, सबैले आफ्नो काम आफ्नो समयमा गर्छन् भन्ने हुन्छ । त्यसैले हाजिरीको जरुरत परेको छैन यता बेलायतमा ।

भनिन्छ नि, संसार विश्वासमा चलेको छ । अविश्वास गर्ने हो भने सम्बन्ध र संसार दुवै लथालिंग र भताभुंग हुन्छ । प्रख्यात लेखेक स्टेभिन कोभेले भनेका छन्, 'विश्वास मानव प्रेरणाको उच्चतम रूप हो, यसले मानिसहरूको असली रूप बाहिर ल्याउँछ ।' हाम्रा माननीयहरूले पनि संसदमा हाजिर नै गर्नु नपर्ने गरी सबै जनताको विश्वास जित्ने र विश्वासको वातावरण बनाउने काम गर्ने हो भने कुनै पनि हाजिरी वा 'ई-हाजिरी' को जरुरत पर्दैन । उहाँहरूले राम्रो काम गर्ने, आफ्नो कर्तव्य राम्रोसँग पालना गर्ने र देश, समाज र जनताको समृद्धि र समुन्नत नेपालको लागि निष्ठापूर्वक काम गर्ने हो भने उहाँहरूको लागि 'नो हाजिरी' भनिदिए हुँदैन र ?

*अनलाईनखबरबाट साभार ।*

## साप्ताहिक राशिफल

***मेषः*** *नयाँनयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा चल्नेछ ।*

***बृषः*** *कार्य सम्पादनमा सहजता मिल्नेछ । अभिभावकको सुझावले उचाइमा पुर्याउन सहयोग गर्नेछ ।*

***मिथुनः*** *विपक्षीको छलकपट तथा जालझेलबाट सावधान रहनुपर्नेछ । बोलीको विपरीत अर्थ लाग्न सक्छ ।*

***कर्कटः*** *लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् । रोकिएको धन पाइन सक्छ ।*

***सिंहः*** *लगनशीलताले कामहरु अगाडि बढ्नेछन् । पढाई लेखाइमा उत्कृष्ट नतिजा ल्याउन सकिने तथा न्यायिक निर्णयहरु तपाईंकै पक्षमा हुनेछन् ।*

***कन्याः*** *प्रेमसम्बन्ध र प्रणयप्रसङ्गका लागि श्रेष्ठ समय रहेको छ । दिगो फाइदा हुने नयाँ काम प्रारम्भ गर्न सकिनेछ ।*

***तुलाः*** *स्वास्थ्यको क्षेत्रमा पनि प्रतिकूल हुने देखिन्छ । लामो समयदेखि रोकिएका अधुरा कामहरु पुरा हुनेछन् ।*

***वृश्चिकः*** *परिवारमा सुख सन्तोष छाउनेछ । शेयर बजारको लगानी बाट दीर्घकालीन फाइदा हुनेछ ।*


***धनुः*** *ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । शुभ समाचार सुन्न पाइने र शुभकार्यको चर्चा चल्नेछ ।*

***मकरः*** *बन्धु बान्धवबाट सहयोग मिल्नेछ । प्राविधिक कार्यबाट सफलता मिल्नेछ । नयाँ वस्त्र या उपहार पाइनेछ ।*

***कुम्भः*** *धैर्य गरी मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ ।*

***मीनः*** *पारिवारिक माहोल तथा माङ्गलिक कार्यमा सहभागि भइनेछ । अतिथिको रुपमा सत्कार पनि पाइनेछ ।*

*-ज्यो.प. नारायणप्रसाद ढुलाल* *स्रोत: हाम्रोपात्रो*



# काठेखोला गतिविधि

## ‘दलित समुदायले अझै अधिकार प्राप्त गर्न सकेनन्’

**जननिगरानी संवाददाता**
**बागलुङ**

देशमा व्यवस्था परिवर्तन भएपनि पछि परेको समुदायले अझै अधिकार प्राप्त गर्न नसकेको सरोकारवालाले बताएका छन् । देशको राजनीतिक परिवर्तनमा योगदान गरेका दलित समुदायको अहिले पनि अबस्थामा उल्लेख्य सुधार आउन नसकेको काठेखोला गाउँपालिकाले आयोजना गरेको जातिय विभेद एवम् छुवाछुत उन्मुलन सम्बन्धी सचेतनामुलकअभिमुखिकरण कार्यक्रमका सहभागीले बताएका छन् ।



नेपालको संबिधानले दलितका अधिकारका बिषयमा स्पष्ट व्यवस्था गरेपनि कार्यान्वयनको पाटो पितलो रहेको काठेखोला गाउँपालिकाका दलित अगुवा तथा शिक्षक गोरे बिकले बताउनुभयो । ‘हामीलाई हेलाहोँचो शदियौंदेखि छ, यसको अन्त्यका लागि दलित आन्दोलन उत्सकर्षमा पुगेका बेला दबाईन्छ, जब आन्दोलन सुस्ताउँछ अनि अधिकारका कुरा उठाइन्छ’ बिकले भन्नुभयो, ‘सबैलाई समान व्यवहार अझै छैन् ।’

दलित समुदायलाई अन्य समुदाय सरह व्यवहार राज्यका निकायबाट अझै हुन नसकेको उनको गुनासो थियो । गाउँपालिकाले आयोजना गरेको जातीय विभेद एवं छुवाछुत उन्मोलन सम्बन्धि सचेतनामुलक अभिमुखीकरण कार्यक्रममा बोल्दै बिकले दलित समुदायलाई पछि पार्नका दलित अगुवाहरुलाई नै गैरदलित समुदायले प्रभावित गर्ने गरेको समेत बताउनुभयो ।

काक्रममा काठेखोला गाउँपालिकाका कार्यबहाक अध्यक्ष तथा वडा नं. ६ का अध्यक्ष बृहस्पती कँडेलले जातिय बिभेद अन्त्यका लागि दलित समुदाय सचेत बन्नुपर्नेमा जोड दिनुभयो । बिभेद सुरुवात जहाँबाट भएको हो, त्यहिँबाट यसको अन्त्यको प्रयास थाल्नुपर्ने उहाँको तर्क थियो ।

दलित र गैह्र दलितको सहकार्यमा समाजमा अन्धबिश्वासको रुपमा रहेको बिभेदको अन्त्य गर्न सकिने वडाअध्यक्ष कंडेलले बताउनुभयो । ‘कुनै वैज्ञानिक आधार नरहेको, कहिँकतै नभेटिने तर विश्वासकै आधारमा मान्दै आएको प्रचलन अन्धविश्वासले बिभेद विद्यमान छ’ कँडेलले भन्नुभयो,‘विभेदको अन्त्य गर्ने आँफैले हो, आँफुबाट सुरु गरौं ।’

काठेखोला गाउँपालिका-३ धम्जाका वडा अध्यक्ष कुलबहादुर बिकले दलित समुदायको चेतनासँगै आर्थिक स्तर उकास्नुपर्ने बताउनुभयो । उत्पादन, रोजगारी र चेतनासँग सबै दलित समुदायलाई जोड्दै दलित आन्दोलन निकर्षमा पुर्यानुपर्ने उहाँको धारणा थियो ।

अभिमुखीकरण कार्यक्रम सोमबारदेखि बुधबारसम्म संचालन भएको थियो । सोमबार समाहित हुनुपर्ने बताउनुभयो । उहाँले काठेखोला गाउँपालिकाले महत्वपुर्ण र आवश्यकतायुक्त कार्यक्रम आयोजना गरेकोमा खुसी व्यक्त गर्दै गाउँपालिका भित्रका दलितहरुको समस्या समाधान गर्न आफु आफ्नो क्षेत्रबाट जुनसुकै सहयोग गर्न तयार रहेको बताउनुभयो ।

उद्घाटन कार्यक्रममा गण्डकी प्रदेशसभा सदस्य दिलमाया पौवी, काठेखोला गाउँपालिकाका अध्यक्ष राजु थापा, प्रमुख प्रशासकीय अधिकृत खगराज गौतम, काठेखोला गाउँपालिका वडा नम्बर ६ का वडाअध्यक्ष बृहस्पति कंडेल, दलित समन्वय समितिका सहसंयोजक सर बहादुर परियारले बोल्नुभएको थियो । उद्घाटन समारोहको अध्यक्षता काठेखोला गाउँपालिका स्तरीय दलित समन्वय समितिका संयोजक एवम गाउँपालिका, महिला विकास शाखाका प्रमुख रश्मी गौतमले गर्नुभएको थियो ।

बुधबार सम्पन्न अभिमुखीकरणको समापन समारोहमा वडा सदस्य हरिकला सुनार, कार्यपालिका सदस्य सुन्तली बिक लगायतले बोल्नुभएको थियो । पूर्णमायाँ सुनुवारको अध्यक्षतामा सम्पन्न समापन कार्यक्रमको सञ्चालन गाउँपालिकाका शिक्षा शाखा प्रमुख रश्मी गौतमले गर्नुभएको थियो ।

अभिमुखीकरण कार्यक्रममा दलित अधिकारकर्मी एवम् प्राध्यापक डम्मर वि.क., अधिवक्ता एवम दलित अधिकारकर्मी याम बहादुर चर्मकार, दलित विद्धान सामाजिक अभियन्ता एवम् समितिका सल्लाहकार निर बहादुर वि.क.,




अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै प्रतिनिधिसभा सदस्य रुपा वि.क.ले दलितहरुको मुक्तिका लागि स्वयम दलितहरु नै सचेत, शिक्षित र संगठित भएर दलित आन्दोलनमा कार्यपालिका सदस्य श्री पूर्णमाया सुनार, स्वागत गाउँपालिकाका प्रवक्ता एवम् कार्यपालिका सदस्य टिका संगम विक र संचालन समितिका सदस्य सचिव एवम् काठेखोला सञ्चारकर्मीद्धय तारानाथ आचार्य र सज्जनकुमार सिंहले दलित आन्दोलन, इतिहास, दलित अधिकार र कानुनी प्रवधान सहित उद्घोषण कलाको बारेमा सहजीकरण गर्नुभएको थियो ।

## त्रिपुरेश्वर महादेव मन्दिरको ४० औं बार्षिकोत्सव

**जननिगरानी संवाददाता**
**बागलुङ**

त्रिपुरेश्वर महादेव मन्दिर परमानन्द सन्यास आश्रम काठेखोला गाउँपालिका-५ बिहुकोट बागलुङको ४० औं बार्षिकोत्सव तथा रथयात्रा सम्पन्न भएको छ ।



बार्षिकोत्सवको अवसरमा लघुरुद्राभिशेख भजनकृतन पाठपरायण लगायतका कार्यक्रम गरिएको मन्दिर व्यवस्थापन समितिका उपाध्यक्ष गौरीशंकर शर्मा सुबेदीले जानकारी दिनुभयो ।

गुल्मी, पर्वत, पोखरा, म्याग्दी र बागलुङका गरी सयौं भक्तजन रथयात्रामा सहभागी थिए । बार्षिकोत्सवको उद्घाटन गर्दै मन्दिर व्यवस्थापन समितका प्रधान संरक्षक श्री १ हजार ८ स्वामी ज्ञानानन्द सरस्वतीले धर्म, संस्कृति, परम्परा र हिन्दुराष्ट्र निर्माणका लागि मठमन्दिर देवालय सिवालयको सबैले संरक्षण गर्नुपर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा स्थानीय गोबिन्दप्रसाद शर्मा कँडेल, टंकप्रसाद शर्मा कँडेल चन्दादाता श्यामसुन्दर रिजाल लगायतले बोल्नुभएको थियो ।

१ हजार ८ स्वामी ज्ञानानन्द सरस्वतीको अध्यक्षता, वडा अध्यक्ष ज्ञामनाथ कँडेलको स्वागत र सचिव हरिप्रसाद कँडेलको संचालनमा कार्यक्र सम्पन्न भएको थियो ।

आफ्नो घर, आगन, टोल सधै सरसफाई गरौं, विभिन्न सरुवा तथा प्राणघातक रोग लागनबाट बचौं ।

- काठेखोला गाउँपालिका

### काठेखोला गाउँपालिकाका जनप्रतिनिधिहरुको सम्पर्क नम्बर

**पालिका अध्यक्ष र उपाध्यक्ष**

अध्यक्षः राजु थापा
(९८५७६७१००१)
उपाध्यक्षः तेज बहादुर थापा
(९८५११९६४९०)

**प्रमुख प्रशासकीय अधिकृत**

खगराज गौतम
(९८६७९७०७३४)

**प्रबक्ता**

टिका संगम वि.क.
(९८५७६७७००९)

**कार्यपालिका सदस्य**

देवी थापा मगर
९८४७७५३६७१
भूमा देवी पुन
९८४७६३१३२१
पूर्णमाया सुनार
९८४७६५६९०४
सुन्तली वि.क.
९८५७६७७०११
गिता देवी वि.क.
९८४७७८९५०५

**वडाअध्यक्षहरु**

वडा नम्बर १
अध्यक्षः खडक बहादुर थापा
(९८५७६२१८०१)
वडा नम्बर २
अध्यक्षः विद्यापति शर्मा
(९८५७६२११८२)
वडा नम्बर ३
अध्यक्षः कुल बहादुर विक
(९८५७६३७०४२)
वडा नम्बर ४
अध्यक्षः लक्ष्मण पुन
(९८५७६३४२५३)
वडा नम्बर ५
अध्यक्षः ज्ञामनाथ कंडेल
(९८५७६३४६५२)
वडा नम्बर ६
अध्यक्षः बृहस्पती शर्मा
(९८५७६२५६८६)
वडा नम्बर ७
अध्यक्षः प्रेम बहादुर जि.सी.
(९८५७६२०८४४)
वडा नम्बर ८
अध्यक्षः प्रमानन्द कंडेल
(९८५७६२०५६२)

## काठेखोला गाउँपालिकाको अनुरोध

बढीरहेको गर्मीसँगै यस काठेखोला गाउँपालिकाको विभिन्न स्थानमा आगोलागीका घटना बृद्धि भईरहेकोले आगोलागीबाट हुन सक्ने धनजनको क्षति लगायत वातावरणीय असरप्रति गाउँबासी सबै सचेत भई दिनुहुन अनुरोध छ ।

**आगलागी हनुबाट बच्न:**

- चुरोट खाएको ठुटा राम्ररी निभाएर मात्र फाल्ने ।
- सलाई, लाइटर, जस्ता सामाग्री बालबालिकाले नभेट्ने स्थानमा राख्ने ।
- ग्याँस, डिजेल, पेट्रोल जस्ता अति प्रज्वलनशिल पदार्थको सावधानी पूर्वक प्रयोग गर्नुको साथै सुरक्षितसाथ भण्डारण गर्ने ।
- हावा चलेको समयमा खेतबारीको फोहर नपोल्ने ।

जानीजानी वा लापरवाही गरी वन जंगलमा आगलागी गरेको पाइएमा वन ऐन २०७६ बमोजिम कारवाही हुने समेत जानकारी गराइन्छ । यदि कसैले लापरवाही गरी वा जानीजानी आगलागी गरेको देखेमा काठेखोला गाउँपालिका वा प्रहरी कार्यालयमा जानकारी गराई दिनुहुन समेत अनुरोध छ ।

अनुरोधक :

काठेखोला गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,
बिहुँकोट,बागलुङ

# प्रेम र जिजीविषाको सुसेलीमा 'गोलढुङ्गो'



समिक्षा

पुण्य कार्की

नेपाली मुक्तक साहित्यको समकालीन आकाशमा बाबुराम पोखरेल एक सुपरिचित नाम हो । खोटाङ जिल्लाको खार्पामा जन्मिनु भएका पोखरेलले नेपाली विषय र शिक्षा शास्त्रको शैक्षिक योजना तथा व्यवस्थापन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी लामो समयदेखि नेपाल सरकारको शिक्षा सेवी कर्मचारीको रूपमा कार्यरत हुनुहुन्छ । स्वदेशका विभिन्न भू-भागदेखि विदेशमा भारत, डेनमार्क, नर्वे, स्विडेन र कतारको भ्रमण गर्न भ्याउनुभएका पोखरेलका तीन वटा कृतिहरू- बालमैत्री विद्यालयमा सिकाइ क्रियाकलाप (२०६९), शब्दचित्र मुक्तक सङ्ग्रह (२०७५) र गोलढुङ्गो मुक्तक सङ्ग्रह (२०७८) प्रकाशित कृति हुन् भने यसका साथै ओखलढुङ्गा दर्पण ( २०५४), माइवेनी (२०६७), विद्यालय सञ्चालन हातेपुस्तिका (२०६८), मुक्तक मञ्जुषा सामूहिक मुक्तक सङ्ग्रह (२०७८) उहाँद्वारा सम्पादित कृतिहरू हुन् । मूलतः मुक्तक लेखनमा आफूलाई समर्पित गर्नुभएका स्रष्टाको पछिल्लो मुक्तक गोलढुङ्गो मुक्तक सङ्ग्रहमा दुई सय एक थान मुक्तकहरू समेटिएका छन् ।

गोलढुङ्गो शीर्षक आफैँमा प्रतीकात्मक छ । यसले गहनतम व्यञ्जना शब्द शक्तिमा अर्थहरूको सङ्केतन गर्दछ । स्रष्टाले आफैँलाई गोलढुङ्गो उपमा दिएका छन् । गोलढुङ्गो याने कि गोलो ढुङ्गो जो आफ्नै मर्जीमा गुड्न खायस राख्दछ । आफ्नो अविराम यात्रा आफैँ तय गर्दछ । गुड्न र अड्नमा कसैको टेको-पिँडो आड-अडेसो खोज्दैन । कसैको कृपा, भरोसा र अनुकम्पामा विश्राम लिनुमा गोलढुङ्गोले खासै रुचि राख्दैन । पुग्नै पर्ने ठाउँमा पुगेपछि आफ्नो यात्रालाई यसले आफैँ विराम दिन्छ । सङ्केतमा अभिव्यञ्जित अर्थका अनकन तरेली खोतल्न सकिन्छ । कवि हरेक काव्य पङ्क्तिमा अविरल, अविराम र अहर्निश गुडिरहेका छन् ।

मलाई न पर्खिन्छ न खोज्छ कसैले, म बेटुङ्गो न हुँ
सबैको ध्यान कोसातिर जान्छ, आखिर म त बुङ्गो न हुँ
विश्राम या वास मेरो जुन चौँडिलोमा पनि हुन सक्छ ।
आखिर भिरालो पहाडमा खुस्किएको गोलढुङ्गो न हुँ (पृष्ठ- ४३)

गोलढुङ्गो शब्दले पाठकको मनमा गहिरो कौतुहलता सिर्जना गर्दछ । पुस्तकको आवरण चित्रमा नै एउटा भिरालो पाखाबाट गोलो ढुङ्गो गुड्केर खोँच या मैदानतिर झरिरहेको छ । ढुङ्गोले कुनै ठहराइ खोजिरहेको छ । ढुङ्गो गोलाकार नभई चुच्चो, लाम्चो र क्रोत्याँहा या आकार नमिलेको भए जाहीँ पनि अडिन सक्थ्यो । जाहीँ पनि थामिन सक्थ्यो । तर, गोलढुङ्गो आफ्नो सुनिश्चित गन्तव्य या मैदान नटेकी जाहीँ ताहीँ रोकिन सक्तैन । आफ्नो यात्रालाई कुठाउँमा विराम दिन जान्दैन । स्रष्टाले थोरै आफैँ उपर गरेको उपेक्षाबोधको अनुभूति पनि मुक्तकका पङ्क्तिमा बोध गर्न सकिन्छ ।

मुक्तक कविता विधाकै एक सूक्ष्म रूप हो । कविताको वृहत्तम रूप महाकाव्य हो भने सबैभन्दा सानो रूप मुक्तक हो । यो आकारका हिसाबले सानो हुन्छ तर, आफैँमा पूर्ण हुन्छ । छोटो हुन्छ तर, मिठो हुन्छ । सूत्रात्मक हुन्छ तर, चोटिलो हुन्छ । काव्यशास्त्रीहरूले मुक्तकको आकार र आयतन निर्धारण गर्ने क्रममा दुई हरफदेखि सात हरफसम्म तन्किएको रचनालाई मुक्तकको कोटिमा राखेका छन् । तथापि अहिलेका अधिकांश मुक्तककारहरूले चतुष्पदी (चार हरफे) मुक्तकलाई मुक्तक लेखनको आम सर्व-स्वीकार्य शैलीको रूपमा वरण गरेको पाइन्छ । चार हरफे मुक्तकमा पहिलो, दोस्रो र चौथो हरफमा अनुप्रास मिल्नुपर्ने, तेस्रो हरफमा अनुप्रास भत्किनै पर्ने आम-नियमलाई अङ्गीकार गरिएको पाइन्छ ।


गोलढुङ्गो भित्रका मुक्तकहरूमा विचरण गर्दा मुक्तकका नियामक अङ्गहरूको सुन्दर तालमेल देखिन्छ । चतुष्पदीय मुक्तकको पहिलो हरफले कवि-मनको भन्नुपर्ने विषयवस्तुको उठानलाई सघाउनुपर्छ भने दोस्रो हरफले त्यही विषयवस्तुलाई समर्थन गर्नुपर्दछ । तेस्रो र चौथो हरफले चमत्कृत रूपबाट झड्का दिएर आफूले व्यक्त गर्न खोजको भावलाई टुङ्ग्याउनु पर्दछ । अर्थात् अति मितव्ययी शब्दमा या कम शब्दमा संश्लिष्ट, सम्पुष्टि र विराट रूपमा आफ्नो काव्यानुभूति सिर्फ चार पङ्क्तिमा खन्याइदिन सक्नुपर्दछ । यसैलाई भन्दछन् - गाग्रामा सागर अटाउनु । विन्दुमा सिन्धु उघाउनु । पोखरेलका हरेक मुक्तकका हरफ हरफमा विषयवस्तुको उठान, समर्थन र भाव समापनको चमत्कृत शैली जाहीँताहीँ स्पर्श गर्न सकिन्छ ।

गोलढुङ्गो भित्रका मुक्तकमा समय र समाज बोलेको छ । नेपाली समाजको दारुण चित्र पनि छ, करुण चित्रण छ, आह्लादकारी सौन्दर्यको पनि उपस्थित छ, कुरूप यथार्थको पर्दाफास पनि छ । समाजका विभेद र होची अर्गेलीहरूको सग्लो चित्र पनि छ, अनाचारी, दुराचारी, भ्रष्टाचारीहरूको चरित्रमाथि प्रहार पनि छ । मुक्तकमा अन्विति भएर आएको कवि-निबद्ध भाव-चेतनालाई समीक्षण गर्दा मोटामोटी यस प्रकारको विचार, भाव र सन्देशको प्रतिविम्बन पाउन सकिन्छ ।

० ० ०

आर्थिक विपन्नताको मार्मिक चित्रण - नेपाली समाज अझै पनि एक छाक मकै अर्को छाक भोकैको नाजुक हालतबाट गुज्रिरहेको छ । संसारका अन्य मुलुकहरू समृद्धिको यात्रामा कहाँदेखि कहाँ पुगिसके । तर, हामी भने जेट युगमा फड्को मार्ने होइन कि पेट युगमै अल्झिबसेका छौँ । भोक, रोग र अभावले आक्रान्त बस्तीमा थाङ्गामा मकै पनि छैन, घुन पनि छैन । नशामा खुन पनि छैन । आँगनमा सुकाउने बिस्कुन पनि छैन, परेवा भोकाएर कन्तबिजोग अवस्थामा बिचल्नी व्यहोरिरहेका छन् भन्दै हाम्रो दुर्दशालाई यसरी चित्रण गरिएको छ ।

थाङ्गोमा मकै छैन त त्यहाँ घुन छैन
सेलाए उत्साह नसामा उम्दा खुन छैन
भोक भोकै विचल्नीमा छन् परेवाहरू




हिजो आज आँगनीमा कुनै बिस्कुन छैन ।

गरिब नेपालीको पेटमा अन्न दाना छैन । ओत लाग्ने छानो पनि हावा हुरीले उडाइदिएको छ । घरको पर्खाल ढलेको छ । नाङ्गो आङ ढाक्ने कुनै गतिलो नाना छैन । त्यस विद्रुप यथार्थलाई यसरी प्रतिविम्बन गरिएको छ ।

झुपडी उडायो हावाले पालमा छु ।
स्वतन्त्र बस्ती, म विना दिवालमा छु ।
जिन्दगी मेरो हिलै हिलो छ अचेल
मानौँ म त धमिलो आहालमा छु । (पृष्ठ ४३)

० ० ०

विसङ्गति र विद्रूप यथार्थको चित्र- मुक्तकमा भित्र युगबोधको भाव छ । समाजबोधको एक हुटहुटी छ । वर्तमान यथार्थको कुरूप चित्रले कविलाई उकुसमुकुस बनाएको छ । देशमा अन्याय छ, अत्याचार छ, शोषण छ, विभेद छ, असमानता छ । आज देशमा न्याय हराएको छ । दण्डहीनता मौलाएको छ । विपन्न र निमुखाले न्याय पाउँदैन । यत्रतत्र सर्वत्र शक्तिशालीकै वर्चस्व कायम छ । आज साधुलाई सुली चढाइँदै छ, चोरलाई चौतारो बनाइँ दैछ । यस्तो विद्रूप, विरोधाभासपूर्ण र विसंगत यथार्थलाई मुक्तकमा यसरी घोलिएको छ ।

अत्याचारले मेरो देशलाई मन पराएछ अचेल
बल्ल फाट्टफुट्ट पाप धुरीबाट कराएछ अचेल
साधुलाई सूली र चोरलाई चौतारो देख्ता
भन्छु मेरो देशबाट न्याय हराएछ अचेल (पृष्ठ -४७)

यस्तो नारकीय दुर्दशामा देशलाई धकेल्ने नाविक भनेका यसै देशका नेताहरू हुन् । पार्टीहरू हुन् । नेता आज देश निर्माणको अभियन्ता होइन; भएको चिज पनि खाने, बिगार्ने, भत्काउने बाँदर भएका छन् । मानौँ आज मुलुक नरिवल भएको छ । जुन बाँदरको हातमा परेर दुरुपयोग भइरहेको छ । यिनै सङ्गिन यथार्थलाई मुक्तकका हरफमा चोटिलो प्रहार गर्दछन् ।

पवित्र नदीलाई अपवित्र टुकुचा जस्तो ढल नबनाऊ
भासिन्छ जति हिँड्छौ, आँगनलाई दलदल बनाऊ
नेतालाई बाँदर भनेको सुन्दा यति भन्न मन लाग्छ
खबरदार ! देशलाई कहिल्यै नरिवल बनाऊ ( पृष्ठ-५३ )

हेर्दा हेर्दै पवित्र नदीको रूपमा रहेको देश दुर्गन्धित टुकुचा बनाइँ दैछ । त्यस कार्यमा देशको नेतृत्व गर्नेहरू नै छ । दलहरूले देशको आँगन खुट्टा भासिने गरी दलदल बनाउँदै छ । त्यसप्रति मुक्तककारको तीव्र रोष छ, आपत्ति छ र त्यस विद्रूप यथार्थप्रति खबरदारीको भाव पनि छ । कविले समाजको नाजुक यथार्थलाई नजिकबाट आत्मसात् मात्र गरेका छैनन्, एउटा जिम्मेवार नागरिक हुनुको नाताले सचेत पहरेदारको भूमिका पनि निर्वाह गरेका छन् ।

० ० ०

सिर्जना, निर्माण र मानवताको स्वर- मुक्तकका कुरूप यथार्थको चित्रण, त्यसप्रति व्यङ्ग्य प्रहार मात्र छैन । सुन्दर यथार्थको प्रतिविम्ब पनि छ । कवि वर्तमान यथार्थको गायक मात्र होइन, भविष्य द्रष्टा मार्गदर्शक पनि हो । कुरूप संसार भत्काउन उद्घोष गर्ने वक्ता मात्र होइन, नवीन सृजनाको संसार रचना गर्ने गायक पनि हो । तोड्ने घन मात्र बोक्दैन अक्षरकर्मी स्रष्टा, जोड्न सुलेसन सुपरगुलु पनि बोकेर हिँड्छ । कतर्नोले काट्न मात्र जान्दैन, सियो धागोले सिउन र उन्न पनि माहिर हुन्छ भन्ने सत्यलाई यसरी व्यक्त गर्दछन् ।

काट्यो, फाट्यो सिउँछु, सम्झ म धागो हुँ
गोलोमा छु, एकताको सम्झ म खागो हुँ
बिच्क्यायौ, जिस्क्यायौ त प्रलय भयो भयो
झिल्कोले नै दग्ध गर्ने सम्झ म आगो हुँ ।

यसरी नै आफूलाई एकताको सूत्रधारको रूपमा उभ्याएका छन् । गोलोमा बस्ने खागोलाई जसले चलाउँछ, बिच्याक्याउँछ त्यसले खराब परिणाम भोग्नुपर्छ, त्यसरी नै विखण्डन र फुट होइन, एकताको गीत गाउने कविलाई कसैले चलाएमा वा बिच्क्याएमा त्यसको परिणाम ठिक नहुने कुराको जनाउ दिएका छन् । त्यसै गरी आफूलाई आगोको प्रतीकको रूपमा बुझ्न पनि उद्घोष गरेका छन् । आगोको एउटै झिल्काले संसार विदग्ध गर्न सक्छ । कुरूप संसार ध्वस्त गर्न म आगो भएर प्रस्तुत हुन सक्छु भन्ने आवाज छ ।

० ० ०

श्रमप्रति सम्मान र कर्मशील भावको उद्बोधन- मुक्तककार आफ्नो इमानमा विश्वास राख्तछन् । कर्ममा भाग्यको फूल फुलाउँछन् । अल्छे, पामर, कामचोर र अर्काको श्रम-पसिनामा मोज गर्ने उपर घृणाका आँखाले हेर्दछन् । भावीले लेखेको सुताहा भाग्यवादी होइन, पसिनाको मसीले आफ्नो भाग्य आफैँले रच्नुपर्ने कुरामा दृढ छन् । कर्मका कोदाली चलाएर मात्र भाग्यको बाली लहलह झुलाउन सकिने विश्वास छ । वर्तमानमा निष्काम भावले कर्म गरेपछि भविष्यमा सकारात्मक नतिजा हात लाग्ने कुरामा उनको आस्था र भरोसा छ, जसलाई मुक्तकका पङ्क्तिमा यसरी पोख्दछन् ।

जिन्दगीमा आफ्नो भाग्य कोर्नुपर्छ कर्मले ।
उब्जाउन बाली, बाँझो फोर्नुपर्छ कर्मले
वर्तमान बुझी निर्क्योल आफैँ गरेपछि
भविष्यमा नतिजालाई व्यहोर्नु पर्छ कर्मले (पृष्ठ - २९)

श्रमप्रति सम्मान र मातृभूमिप्रति अगाध प्रेमका भावधाराहरू मुक्तकका धेरै पङ्क्तिहरूमा अवलोकन गर्न सकिन्छ । देश र माटोप्रतिको चोखो प्रेमले स्रष्टाहरू लबालब भरिएका हुन्छन् । जुन स्रष्टाको सिर्जनामा देश बोल्दैन । जुन स्रष्टाको रचनामा माटोको सुगन्ध छैन । त्यो स्रष्टा कसरी देशभक्त हुनसक्छ र ? आफ्नै मातृभूमिको माटोको टिका निधारमा लाएर देशलाई आवश्यक परेको बखत तुरुन्त हाजिर हुने सङ्कल्प गर्दछन् र पसिनाको कुलो बगाएर रुखिएको धर्तीलाई हराभरा बनाउने अठोट गर्दछन् ।

जति बेला खाँचो पर्छ तुरुन्त म आउँछु
सिञ्चित गर्न पसिनाकै कुलो बगाउँछु
प्यारो मेरो जन्मभूमि आफ्नै आँगनको
दाहिने हातले माटो चिम्टी टिका लगाउँछु । (पृष्ठ - ३०)

० ० ०

आडम्बरी, ढोँगी, जाली झेली प्रवृत्ति उपर कटाक्ष- वर्तमान नेपाली समाजको पाखण्डी चरित्रलाई कविले निर्मम रूपबाट प्रहार गरेका छन् । बाहिर बाहिर साधुको स्वाङ रच्ने ढोँगीहरूले मानिसका आँखामा छारो हाल्दै आएका छन् । पौराणिक पात्रलाई टपक्क टिपेर आजका हनुमानहरू रामप्रति बफादार छैनन्, भित्रभित्र रावणसितै साँठसाँठ गरिरहेको विरोधाभासपूर्ण यथार्थलाई प्रहार गरेका छन् । आजका पण्डित-पुजारी पनि आफ्नो सत्यनिष्ठमा उभिएको छैन । आफ्नो इमान जमानमा परिपक्का छैन । बाहिर धर्मको गीत गाएर भित्रभित्र पाप-कर्ममा संलग्न छ । बाहिर सदाचारको रामनामी बर्को ओढेर भित्र कुकर्म रच्न सिपालु छ भन्ने कुरालाई यसरी खुलस्त गर्दछन् ।

पण्डितको गोजीमा हेर्नुस् त बियरको क्यान रहेछ
जनावरको टाउको जोडिएको मान्छेको ज्यान रहेछ
यति मात्र होइन हिजो मात्र विचित्रै भएको छ हजुर
हनुमान पनि आजकल त रावणको फ्यान रहेछ । (पृष्ठ - ३०)

मान्छे आज आफ्नै वचनमा बेइमानी हुन सकेको छैन । पर्दापछाडि शकुनी कपटी पासा फाल्न हरदम तयार छ । सच्चा मिहेनतले फलाएको फसल पनि असली धर्ती पुत्रले खान पाएको छैन । मनमा कालो बोकेर हिँड्नेहरू रातदिन जालझेल, षडयन्त्र र तिकडमको रचनामा लीन छन् ।

आफ्नै वचन लत्त्याएर यति ठुलो झेल किन भयो ?
कपटी पासा पल्टाउने, शकुनीकै खेल किन भयो
साझा मिहेनतले नै पकाएको असली फसल आज
धर्ती भरीकै कौवामा लागि बेल किन भयो । (पृष्ठ - ३०)

हिँड्थ्यो रे पहिले मनमा निकै कालो बोकेर
बाहिर होइन भित्र भित्र षडयन्त्रको जालो बोकेर
ऊ भन्दा निकै कडा मान्छेको फेला परेछ अचेल
ठिमीको बाटो सोध्छ काखीमा मरेको बिरालो बोकेर (पृष्ठ - ३३)

० ० ०

गहन जीवनबोध, प्रेम र जिजीविषाको सुसेली- गोलढुङ्गाका अनेकौँ मुक्तकहरू गहनतम जीवन बोधको उल्लासले अभिसिञ्चित छन् । मुक्तककार जीवनदेखि निराश भएर भाग्ने कुरा गर्दैनन् । जीवनदेखि पलायन हुने कुरा गर्दैनन् । जीवनप्रतिको गहिरो अनुराग छ र सार्थक जीवन बाँच्ने अभीप्सा मुक्तकका अन्त करणमा सुन्न पाइन्छ । सारपूर्ण र सार्थक जीवन बाँच्न खोज्नु रहरको कुरा होइन, यो त मानिस हुनुको नाताले नैसर्गिक अधिकारभित्रको कुरा हो भनी उद्घोष गर्दछन् ।

जिउँदो हुनुको सधैँ सार खोजेँ
उनीमा सधैँ मिल्दो विचार खोजेँ
होइन यो हक भोग दाबी मेरो
मैले त आफ्नो अधिकार खोजेँ । (पृष्ठ - ३४)

प्रेम प्रणयका सुकोमल भाव मञ्जरीले पनि गोलढुङ्गो हराभरा बनेको छ । प्रेमका स्वप्निल रङहरूले मुक्तक रङिगएको त छ नै, यसको अलावा कवि मनमा हार्दिक भावहरू सारै सुन्दर ढङ्गले मुक्तकमा उनिएका छन् । मायाले कविलाई माया नै ओढ्ने, माया नै ओछ्याउने, हालतमा पुर्याएको छ र हृदयबाट उठेको साँचो मायाले मान्छेको भोकतिर्खा सबै हराउने किसिमको तीक्ष्ण अनुभूति छ ।

प्रेमको फूलबारीमा मायारूपी फूलको बेर्नाहरूलाई जतनसाथ रोप्ने, गोड्ने र त्यसलाई हराभरा पार्ने विचार बिम्बात्मक रूपमा अति मुखर बनेर आएका छन् -

जतनले फूलबारीमा मायारूपी बिरुवा गोड्छु
सुन्दर फूल फुलाएर एउटा प्रभाव छोड्छु
साँच्चै मायाले मेरो भोकै तिर्खा हराउँछ
अनि जाडोमा माया ओछ्याउछु माया नै ओढ्दछु । (पृष्ठ - ३५)

मलाई नै भेट्न भन्दै, सधैँ सधैँ आतुर तिमी
जति टाढा गएपनि, कहिल्यै हुन्नौ दूर तिमी
सुन्दरताको व्याख्या गर्दा यति भने पुग्छ तिनी
म कालो फलाम हुँला, उज्ज्वल कोहिनुर तिमी । (पृष्ठ - ३६)

० ० ०

विम्ब-प्रतीकमा पौराणिक पात्रको प्रयोग र परिवर्तनकारी आशावादको आवाज- मुक्तकको ठाउँ ठाउँमा मुक्तककारले हाम्रा पौराणिक ग्रन्थहरू रामायण, महाभारत र गीता ग्रन्थका पात्रपात्रीलाई प्रतीकात्मक रूपमा उभ्याएर वर्तमान समाज र जीवनका सत् असत् दुवै वृत्तिका चरित्र चिनाउन, कलुषवृत्तिका पात्रलाई नङ्ग्याउन काफी कोसिस गरेका छन् । जसरी द्वापर युगमा कृष्णले सम्भवामी युगे युगे भनेर जब जब पृथ्वीमा अन्याय अत्याचार दुराचार पापाचारको व्याप्ति हुन्छ तब तब धर्म स्थापनाका निम्ति र धर्मात्माहरूको उद्धार गर्न मेरो अवतार हुनेछ भनी जुन किसिमको आप्त वाणी उद्घोष भएको थियो, त्यही व्रजवासीको

.............बाँकी ६ पेजमा

# अध्यक्ष विकले गरें एक वर्षको तलब सामाजिक कार्यमा सहयोग

**जननिगरानी संवाददाता**
**बागलुङ**




बागलुङको ताराखोला गाउँपालिकाका अध्यक्ष धन बहादुर विकले आफ्नो एक वर्षको तलब भत्ता सहयोगी, जनयुद्धका घाईते र सामाजिक कार्यमा सहयोग गर्नुभएको छ ।

अध्यक्ष विकले निर्वाचनको क्रममा तलब भत्ता सामाजिक कार्यमा खर्च गर्ने प्रतिबद्धता गरेको बताउँदै जनप्रतिनिधिमा निर्वाचित भएको एक वर्षको अवसरमा आईतबार व्यक्तिगत निजी सहयोगी, जनयुद्धका घाईते, पालिकाको शैक्षिक कोष, आफ्नो राजनीतिक दल र पालिकाका एक पत्रकारलाई सहयोग हस्तान्तरण गर्नुभएको हो । अध्यक्ष विकले प्रतिबद्धता अनुसार एक वर्षमा तलब भत्ता सहित अध्यक्षले पाउने पाँच शिर्षकमा जम्मा भएको ४ लाख ४८ हजार ८० रुपैयाँ सहयोग गर्नुभएको हो ।

उहाँले आफ्ना निजी सहयोगी धन बहादुर घर्ती मगरलाई १ लाख १६ हजार रुपैयाँ, जनयुद्धका घाईते बम बहादुर रोका 'प्रशान्त'लाई ७० हजार रुपैयाँ, गाउँपालिकाको शैक्षिक कोष निर्माण स्थापना गर्न गुणस्तर शिक्षालाई १ लाख २२ हजार ८ सय ६८ रुपैयाँ, जनप्रतिनिधिको एक वर्षे कार्यकालको उपलब्धि सार्वजनिक पत्रकार सम्मेलनलाई ६० हजार रुपैयाँ, ताराखोलामा रहेको जनमुखी न्यूजका पत्रकार पूर्णभद्र निउरेलाई ६ हजार रुपैयाँ र नेकपा माओवादी केन्द्रलाई लेबी बापत ७३ हजार २ सय १२ रुपैयाँ सहयोग गर्नुभएको हो ।


अध्यक्ष विकले चुनावमा आफुले दुई ओटा नारा उठाएको र त्यसलाई पुरा गर्न लागेको बताउनुभयो । उहाँले गाउँपालिकाबाट बसाइसराइ र रोजगारीको लागि विदेशीने क्रम बढ्दो रहेकोले पालिकामै रोजगार सिर्जना गर्ने चुनावी घोषणा बमोजिम पालिकामा श्रम बैंक कार्यक्रम र सहकारी स्थापना मार्फत कार्य सुरुवात गरिएको बताउनुभयो । निर्वाचनको समयमा आफ्नो तलब भत्ता र पारिश्रमिक वापतको रकम नलिने प्रतिबद्धता बमोजिम एक वर्ष पुगेको अवसरमा आफुले पाउने सबै सेवासुविधा वितरण गरेको अध्यक्ष विकको भनाई छ ।

यस्तै ताराखेला गाउँपालिका-३ का वडाअध्यक्ष कर्ण बहादुर भण्डारीले पनि सम्पूर्ण सेवा सुविधाको रकम वडाको योजनामा खर्च गर्नुभएको छ । वडाअध्यक्ष भण्डारीले चुनावमा वडाअध्यक्षमा निर्वाचन पश्चात सम्पूर्ण सेवा सुविधाको रकम वडाको योजनामा समावेश गर्ने प्रतिबद्धता अनुरुप, शिक्षा, स्वास्थ्य र सामाजिक शिर्षकमा सहयोग गरेको बताउनुभयो ।

वडाअध्यक्ष भण्डारीले स्वास्थ्य तर्फ स्वास्थ्य चौकी सरसफाईमा १ हजार, पानी मर्मतमा ११ हजार पाँच सय, टिटि सुई खरिदमा ३ हजार, नारी दिवस कार्यक्रममा १४ हजार, सुत्केरी आमा पोषण कार्यक्रमलाई ३ हजार रुपैयाँ, हिल गाउँ महिला भवनमा ३० ओटा फर्निचर कुर्ची खरिद २१ हजार, जेरा बराखोला बाटो मर्मत २ हजार ४ सय रुपैयाँ, मकाखोर पनादी मोटरबाटो सरसफाई ४ हजार सादी हुलाक दराजखरिद १५ हजार, घुसमेली ढुङ्गा फोरेको ५ हजार, डोण्टा मोटरबाटो सरसफाई ४ हजार रुपैयाँ र हिलगाउँ बाटो मर्मतमा ९ हजार रुपैयाँ सहयोग गरेको बताउनुभयो ।

# धौलागिरी अस्पतालमा पहिलोपटक मेरुदण्डको शल्यक्रिया

**जननिगरानी संवाददाता**
**बागलुङ**




धौलागिरी अस्पताल बागलुङमा पहिलोपटक मेरुदण्डको शल्यक्रिया गरिएको छ ।

बागलुङका ५२ बर्षिय एक पुरुषको बुधबार धौलागिरी अस्पतालमा मेरुदण्डको सफलतापूर्वक शल्यक्रिया गरिएको हो ।

मेरुदण्डको हड्डी भाँच्चिएर समस्यामा परेका ५२ बर्षिय पुरुषको सफलतापूर्वक शल्यक्रिया गरिएको अस्पतालका मेडिकल सुपरिटेण्डेन्ट डा. रविरञ्जन प्रधानले जानकारी दिनुभयो ।

अस्पतालका डा. विनित ढकाल, डा. समिर लामिछाने, डा. प्रमेश थापा, डा. राजन शर्मा, डा अमित ढुङ्गानालगायत चिकित्सक टोलीले मेरुदण्डको शल्यक्रिया गरेको अस्पतालका मेसु प्रधानले बताउनुभयो । धौलागिरी अस्पतालमा यसअघि कम्मरको हड्डी भाँचिएको पनि शल्यक्रिया गरिएको थियो ।

यसअघि मेरुदण्डको शल्यक्रियाका लागि बिरामी पोखरा, भरतपुर, काठमाडौंलगायत ठाउँ जाने गरेका थिए । महँगो उपचारका रूपमा मानिदै आएको मेरुदण्डको शल्यक्रिया बागलुङकै सरकारी अस्पतालमा भएपछि अब अरुलाई पनि सहज हुने भएको छ ।

पछिल्लो समय धौलागिरी अस्पतालमा विशेषज्ञ चिकित्सक थप भएसँगै ओपिडी बाहेकका अन्य विशेष प्रकारका सेवासमेत दिन थालेको छ । अस्पातलमा ओपिडि र इर्मेजेन्सी लगायत विशेषज्ञ सेवामा दैनिक चार सयको हाराहारीमा बिरामी उपचारका लागि आउने गरेका डा. प्रधानले बताउनुभयो ।

## साप्ताहिक खेल खबर

# एएफसी एसियन कप: नेपाली टोली घोषणा

**जननिगरानी संवाददाता**
**काठमाडौं**

अखिल नेपाल फुटबल संघ (एन्फा) ले एएफसी यु-२० महिला एसियन कप छनोटको दोस्रो चरणको लागि नेपाली यु-२० महिला राष्ट्रिय टोलीको घोषणा गर को छ ।

मुख्य प्रशिक्षक याम प्रसाद गुरुङले २३ सदस्यीय टोली घोषणा गरेको हो । प्यालेस्टाइनमा भएको पहिलो चरणको छनोटबाट नेपाल समूह 'बी' बाट उपविजेता बन्दै दोस्रो चरणमा पुग्न सफल भएको हो । नेपालले प्यालेस्टाइनमा भएको पहिलो राउण्डमा आयोजक प्यालेस्टाइन र उत्तरी मारियाना आइल्याण्डलाई समान ६-० गोल अन्तरले पराजित गर्दै दोस्रो चर णमा प्रवेश गरेको थियो । छनोटको दोस्रो चरणमा नेपाल समूह 'बी' मा रहेको छ । नेपाल रहेको समूहमा चीन, म्यानमार र चाईनिज ताइपे रहेका छन् । 'ए' समूहमा अष्ट्रेलिया, भियतनाम, इरान र लेबनान रहेका छन् ।

दोस्रो चरणको छनोट जुन ३ देखि ११ सम्म हुनेछ । जसबाट उत्कृष्ट ४ टोलीले उज्वेकिस्तानमा हुने यू-२० महिला एसियन कप खेल्नेछ । नेपालले जुन ६ मा आयोजक म्यानमारसँग खेल्नेछ । जुन ८ मा चीनसँग तथा जुन १० मा चाइनिज ताइपेसँग अन्तिम खेल खेल्नेछ । उज्वेकिस्तानमा हुने यु-२० महिला एसियन कप २०२४ को मार्च ३ देखि १६ सम्म हुनेछ । यु-२० महिला एसियन कपमा १६ टोलीले प्रतिस्पर्धा गर्नेछन् ।

**२३ सदस्यीय नेपाली टोली**

गोलरक्षक - कविता विक, लिला जोशी र सावित्री किसान

डिफेन्डर - सविना चौधरी, तुलसा बोहरा, सुनिता भुलान, सिमरन र ई, दिव्या यस्माली मगर, प्रतिक्षा चौधरी, सजनी थोकर र कुमारी तामाङ

मिडफिल्डर - सरस्वती हमाल, मनमाया दमाई, सुनकला राई, दीपा शाही, हिमा रावत, सुष्मा जीटी, अन्जली मचामासी र सारा बज्राचार्य

फरवार्ड - अमिषा कार्की, ममता पुन, गरिमा राई र सन्दिपा भोलान

# नेपालको टोली घोषणा

**काठमाडौं -** तीन युवा खेलाडीलाई पहिलो पटक समेट्दै नेपाली राष्ट्रिय महिला क्रिकेट टोलीले मलेसियासँग हुने पाँच महिला टि२० आई खेलको सिरिजको लागि टोली घोषणा गरेको छ ।

नेपालले युवा ब्याटर सम्झना खड्का, स्पिनर कृतिका करासिनी र बायाँ हाते तीव्र गतिका बलर ईश्वरी विष्ट पहिलो पटक टोलीमा मौका दिएको छ । सुदूरपश्चिमबाट घरेलु क्रिकेट खेल्ने सम्झना खड्काले पछिल्लो समय घरेलु क्रिकेटमा उत्कृष्ट ब्याटिङ गर्दै आएकी छिन् ।

सुदूरकै ईश्वरी विष्टले घरेलु क्रिकेटमा राम्रो बलिङ गर्दै आएकी छिन् । स्पिनर कृतिका मरासिनी नेपालको यू१९ कप्तान हुन् । उनले लुम्बिनीबाट घरेलु क्रिकेट खेल्दै राम्रो प्रदर्शन गर्दै आएकी छिन् । अन्य भने पुरानै नाम छन् । नेपालले रुबिना क्षेत्री बेलबासेको कप्तानीमा टोली घोषणा गरेको छ ।

नेपालले मलेसियामा गएर पाँच खेलको टि२० आई सिरिज खेल्नेछ । नेपालले मलेसियासँग पहिलो खेल जेठ १५ (मे२९) मा खेल्नेछ । त्यस्तै जेठ १६ (मे३०) मा दोस्रो खेल खेल्नेछ ।

..............बाँकी ६ पेजमा



## प्रेम र.................

खुसीलाई टपक्क टिपेर अहिलेका राक्षसी प्रवृत्तिको वध गर्न कृष्णको आगमन हुने आशावाद यसरी पोखिएको छ-

सबै व्रजवासी सत्यको विजयमा
खुसीले रमाउँदै हुनुहुन्छ
सच्चा सारथी बनेर अर्जुनलाई
योग ज्ञान बताउँदै हुनुहुन्छ
राक्षसी प्रवृत्तिको अन्त्य हुने दिन
आयो कोही छ कंस यहाँ
छ भने बुझोस् एकै छिन पछि
यहाँ कृष्ण आउँदै हुनुहुन्छ । (पृष्ठ - ४०)

मुक्तकका हरफहरूमा रामायणका पात्रहरू राम, रावण, हनुमानहरू पनि विभिन्न सन्दर्भमा आएका छन् । ती विम्ब-प्रतीकको रूपमा उपस्थित छन् । क्षीर समुद्रको सन्दर्भ पनि छ । हनुमानलाई लङ्का प्रवेशमा अवरोध गर्ने लङ्किनीको सन्दर्भ पनि छ । अहिले पनि रावणको मति बोक्ने खलपात्रहरूको कुनै अभाव छैन यहाँ । त्यसैले आमाको सौन्दर्यमाथि कुदृष्टि राख्ने रावणहरूको वध गर्न रामहरूलाई यसरी आह्वान गरिएको छ -

क्षीर समुद्र तर्नु छ, आऊ बाटो बनाइदेउ
अवरोध हुन्, लङ्किनी सब भगाइदेऊ
सौन्दर्यमा कुदृष्टि परेछ दुष्ट रावणको
माता हरण गर्दैछ, राम ! छिट्टै आइदेऊ ।

० ० ०

अबोध बालापनको मोह र मातृ-वात्सल्यप्रति समादार भाव- मुक्तक सङ्ग्रहको सुरुवातै मुक्तककारले अबोध बालापनको यादमा तड्पिएर गरेका छन् । अहिले पनि बालापनको चकचकमा रमाउन पाऊँ भन्ने आशय राख्तै त्यो निर्दोष र उल्लासमय बाल्य जीवनप्रतिको अनुरागलाई पोखेका छन् । वास्तवमा बाल्यकाल जति स्वतन्त्र र आनन्दमय जीवन अर्को हुन सक्तैन । जब जब उमेरको सिँढी चढ्दै जाँदा बाल्यकाल सकिँदै जान्छ । हामी परतन्त्रताको अधीनमा पर्दछौँ । जिम्मेवारी र कर्तव्यका बोझाले मिच्दछ । त्यो उन्मुक्त बाल्यकाल फेरि कहिल्यै फर्केर आउँदैन, कवि मनमा त्यो पीडा र औडाहा दुवै छ । पुन: बाल वयमा फर्किने, बालसुलभ क्रीडा गर्ने, बालसुलभ स्वभावमा रम्ने उत्कट चाहनालाई यसरी पोख्दछन् -

हप्काउने, गाली गर्नेलाई जहिले सताइरहूँ
पिट्छ जसले उसकै काखमा हरदम आइरहूँ
एउटा मात्र माग मेरो पूरा गरिदिनुस्
बालापनको जस्तै चकचक गर्न पाइरहूँ ।

यस्तै अर्को एक चतुष्पदी श्लोकमा आमाको काखमा रहँदाको बाल्य जीवन सानपूर्ण, मानपूर्ण र साक्षात् भगवानको भेषमा बच्चा रहेको हुन्छ । यस्तो अपूर्व जीवन पुन: प्राप्त गर्न सकिन्न । बाल्यकाललाई पुन: फर्काएर ल्याउन पनि सकिन्न । आनन्द आनन्दैमा सकिने क्षणभङ्गुर बाल्यकाल सबैका निम्ति औधी प्यारो समय हो । जीवनको अति यादगार पल हो । बालापनको माध्यमबाट मातृवात्सल्यताको महानता र यसको विराटतालाई मुक्त कण्ठले प्रशंसा गरेका छन् -

काखमा थियो ऊ, त्यतिखेर उसको गज्जबको सान देखेँ
बाल्यकालमा नगाँसिँदो काखप्रतिको गहनतम सम्मान देखेँ
आँखा झिमिक नगरी पाँच मिनेट आमालाई हेरिरहेको त आफ्नो
सृष्टिलाई आशीर्वाद दिँदै साक्षात् भगवान् देखेँ (पृष्ठ - ५४)

आमा सृष्टिकी जननी । जीवनकी जन्म दातृ । आमाको जति नै गुणगान गएर पनि यसको महिमा अधुरो नै हुन्छ । स्रष्टाले आमाभित्र साक्षात् ईश्वरको दर्शन गरेका छन् र आमाजातिप्रति अनुपम आदरको भाव पोखेको छ ।

वागमा कलकलाउँदा मुनाका लागि जीवपोष आमा
मेरो उद्यानका झार र किराप्रतिको आक्रोश आमा
आनन्द र सन्तोषको क्रीडा स्थल विशाल छ हृदय
मेरा लागि वात्सल्य र ममताको अक्षयकोष आमा

समग्रमा मुक्तककार बाबुराम पोखरेल रचित गोलढुङ्गो मुक्तक सङ्ग्रहमा यी माथि उल्लेखित भाव धारा बाहेक विविध विषयहरू पनि मुक्तकको कथ्य वस्तु भएर आएका छन् । मुक्तक काव्यको लघुतम रूप भएकाले मूलत: सूत्रात्मक कथन, संक्षिप्तता, संश्लिष्टता यसका महत्त्वपूर्ण वैशिष्ट्यहरू हुन् । जसरी भौतिक पदार्थको दुनियाँमा अणु परमाणुभित्र विराट ऊर्जा उत्सर्जनको सामर्थ्य लुकेको हुन्छ । त्यसरी नै काव्य विधाको मुक्तकभित्र एक चोटिलो, एक ओजिलो भाव शक्ति र भाव सौन्दर्य विन्यस्त रहेको हुन्छ । हुन त कविताको लघुतम रूप हो मुक्तक । एक हरफ देखि सात हरफसम्मको आयाममा फिँजारिएको कवितात्मक संरचना मुक्तक हो । तर, मुक्तकको सार्वभौम संरचना भनेको चतुष्पदीय (चार हरफको ) संरचना नै हो । र, गोलढुङ्गो भित्रका सबै मुक्तकहरू यहीँ चतुष्पदीय संरचनामा संरचित छन् । त्यस आधारमा एक खँदिलो मुक्तकीय संरचनामा सङ्ग्रहका सबै मुक्तकहरू आबद्ध छन् ।

र, प्रत्येक मुक्तकको पहिलो हरफले कवि निबद्ध अनुभूतिजन्य काव्यिक विषयवस्तुको उठान गरेको छ । दोस्रोले त्यही विषयवस्तुलाई सम्पुष्टि गर्नका लागि समर्थन जनाएको हुन्छ । तेस्रो र चौथो हरफले पाठकको मन मुटुलाई तरङ्गित पार्ने किसिमले एक झड्का छोड्दछन् । सघन र संश्लिष्ट भाव-प्रवीणता पोखरेलका मुक्तकका मूल वैशिष्ट्य हुन् ।

मुक्तकमा मुक्तककारको जीवन-बोध, जीवन-दर्शन, सत्य, निष्ठा र इमानको भावाभिव्यक्ति गहिराइबाट स्पर्श गर्न सकिन्छ । यसका अलावा समाज, दैनदिनीका आहाहरू ! ऐयाहरू ! खुसी, विषाद, पीडा, आक्रोश, सन्तोष, असन्तोष, ढोँग, पाखण्ड, आडम्बर नीति, अनीति, प्रेम, विरह, आस्था, विश्वास र मानवताप्रतिको अ कम्प अनुभूतिका भावहरू केन्द्रीय कथ्य वस्तु बनेर आएका छन् । ती काहीँ सूत्रात्मक रूपले, काहीँ व्यङ्ग्यात्मक, व्यञ्जनात्मक रूपले, काहीँ लाक्षणिक त काहीँ बिम्बात्मक र प्रतीकात्मक रूपले प्रस्तुत भएका छन् ।

समग्रमा मुक्तक सानो आकार र आयाममा आवेष्टित हुन्छ । तथापि त्यसैमा काव्यको एक पूर्ण संसार आँटेको हुन्छ । गोलाढुङ्गो गोल-भूगोलका मानव मनको व्यथा-कथा, यात्रा-अनुभूति, उत्कर्ष-अपकर्ष, समय-समाज, चित्र-चरित्र, हर्ष-विषाद, सङ्गति-विसङ्गति, आँसु-हाँसो, आस्था-अनास्थालाई शाब्दिक वाणीमा मिठो अभिव्यञ्जना पस्किन सफल छ । स्रष्टाको मुक्तक लेखनको भावी राजमार्ग अझ फराकिलो, अझ चहकिलो, अझ गहकिलो र अझ महकिलो बनोस् हार्दिक शुभकामना ।

*साहित्यपोष्टबाट साभार ।*

# पशुचौपायमा लम्पी स्कीन संक्रमण

**बागलुङ -** बागलुङको बरेङ गाउँपालिकाका पशु चौपायामा लम्पी स्कीन रोगको संक्रमण देखिएको छ । बरेङ गाउँपालिकाका ६ वटै वडाका पशुचौपायामा लम्पी स्कीनको संक्रमण देखा परेको गाउँपालिका पशु सेवा शाखाका प्रमुख नारायण पौडेलले बताउनुभयो । उहाँले गाउँपालिकाका करिव ३० गाई र गोरुमा लम्पी स्कीनको संक्रमण देखिएको बताउनुभयो ।

संक्रमणका कारण एक गाई र एक गोरु मरेको पशु सेवा शाखाका प्रमुख पौडेलले बताउनुभयो । 'लम्पी स्कीन रोगको संक्रमण भैसीमा देखिएको छैन,' प्रमुख पौडेलले भन्नुभयो,'गाइ र गोरुमा देखिएको रोगको कारण बरेङमा एक गाई र एक गोरु मरेका छन् ।'

रोगग्रस्त क्षेत्रमा नियमित अनुगमन, उपचार लगायतका कार्य भइरहेको प्रमुख पौडेलले बताउनुभयो । गाउँपालिकाले लम्पी स्कीन रोगको संक्रमण देखिएका व्यावसायिक फार्ममा जैविक सुरक्षा अपनाउनर रोग लागेका पशुचौपायालाई चरनमा नलैजान तथा क्वारेन्टीनमा राखेर उपचार गर्न कृषकहरुलाई अनुरोध गरेको छ । प्रमुख पौडेलले रोगसंग मिल्दोजुल्दो लक्षण देखापरेमा गाउँपालिकाको पशु सेवा शाखामा सम्पर्क गर्न आग्रह गर्दै अन्य ठाउँमा पशु आयात तथा निर्यात नगर्न अनुरोध गर्नुभयो ।

यसवर्ष गएको पुसदेखि नै पशुचौपायामा फाट्टफुट्ट रोगको संक्रमण देखिन थालेको थियो । लम्पी स्कीन रोग लागेका गाई/भैँसीमा ज्वरो आउने र शरीरको विभिन्न भाग तथा भित्री तहमा गाँठागुठी देखिने, गाँठागुठीबाट पानी बग्ने र पाक्ने, पशु छटपटाउने, दुब्लाउँदै जाने, खुट्टा खोच्याउने, दूध उत्पादन घट्ने लगायत लक्षण देखिने पशु चिकित्सकको भनाई छ । लम्पी स्कीन रोग बडिगाड गाउँपालिकामा पनि देखा परेको थियो ।

## गलकोट..............

गर्नुभयो । 'हामीले ५ बर्षे रणनीतिक योजना पनि बनाएका छौं' नगरप्रमुख गैरेले भन्नुभयो, 'हरेक बालबालिकाको पोषण, खोप स्वास्थ्य भएर बाच्ने अधिकार, शिक्षा अधिकार, जन्मदर्ताको अधिकार पाउनुपर्छ भन्ने मान्यताले ५१ वटा सूचक पुरा गरेर बालमैत्री शासनयुक्त पालिका घोषणा गरेका छौं । यसलाई पाँच वर्षसम्म टिकाउने प्रतिबद्धता गर्दछु ।' उनले नगरपालिका भित्र नगर अस्पताल निर्माण गरिएको र बसपार्क, खेलमैदानहरु समयसँगै गराउँदै जाने बताउनुभयो ।

बालमैत्री नगर घोषणाका लागि बालमैत्री स्थानीय शासनले तोकेका ५१ मध्ये १२ वटा शिक्षा र १३ वटा सूचक स्वास्थ्य क्षेत्रबाट पुरा गर्नुपर्ने व्यवस्था छ । बालमैत्री स्थानीय शासन लागू गर्नका लागि नगरपालिकाले २ करोड पचास लाख बजेट खर्च गरेको छ । गलकोट नगरपालिकामा पूर्ण साक्षर वडाहरु घोषणा भैसकेका छन्भने सबै वडामा पूर्ण खोप पाएको तथ्यांक पनि छ । त्यस्तै हरेक समुदायले बालमैत्री सूचक पुरा गरेको उपप्रमुख फमलाल निउरेले बताउनुभयो ।

कसैले बालबालिकाको अधिकार हनन् गर्यो भने नगरपालिका चुप नबस्ने नगरप्रमुख गैरेले बताउनुभयो । उहाँले सबै प्रकारका विभेदविरुद्ध योजनाबद्ध ढंगले अघि बढ्ने बताउनुभयो ।

## ताराखोलामा........

महिनामा ४३ वटा योजनाहरु सम्पन्न भइ भुक्तानी भइसकेको जनाएको छ । गाउँपालिका अध्यक्ष विकले ठेक्का मार्फत संचालन गर्नुपर्ने पूर्वाधार विकास तर्फ १८ वटा योजना रहेकोमा ६ वटा सम्पन्न भइसकेको, ७ वटा निर्माणाधिन रहेको र ५ वटा ठेक्का प्रक्रियामा रहेको बताउनुभयो । यस्तै उपभोक्ता समिति मार्फत संचालन गर्नुपर्ने योजनाहरु ७० वटा रहेकोमा ३७ वटा योजनाहरु सम्पन्न भइ भुक्तानी लिइसकेको र ३३ वटा योजनाहरु सम्पन्न भएपनि भुक्तानी हुन बाँकी रहेको अध्यक्ष विकको भनाई छ ।

**दश महिनामा ३८ लाख बढी राजश्व संकलन**

ताराखोला गाउँपालिकाले चालु आर्थिक वर्षको दश महिनामा ३८ लाख बढी राजश्व संकलन गरेको छ । गाउँपालिको सम्पत्ति कर, भूमिक, जग्ग, मनोरञ्जन, नक्सापास, व्यक्तिगत घटना दर्ता, रजिष्ट्रेसन शुल्क लगायतमा गरी ३८ लाख ५ हजार ५४५ रुपैयाँ राजश्व संकलन गरेको गाउँपालिकाका निमित्त प्रमुख प्रशासकिय अधिकृत प्रकाश गैरेले जानकारी दिनुभयो ।

गैरेका अनुसार गाउँपालिकाको वडा नम्बर १ मा ३ लाख ५८ हजार ५९०, वडा नम्बर २ मा ४ लाख ५७ हजार ८१०, वडा नम्बर ३ मा ४ लाख ९७ हजार २३०, वडा नम्बर ४ मा ३ लाख ६७ हजार ३७३ रुपैयाँ र वडा नम्बर ५ मा ५ लाख ७७ हजार ६९२ रुपैयाँ राजश्व संकलन भएको छ । गाउँपालिकाले सम्पत्ति कर तर्फ २ लाख ९९ हजार २२ रुपैयाँ, भूमिकर/मालपोत तर्फ ७ लाख ५२ हजार ८९१ रुपैयाँ, जग्गा/घर बहाल तर्फ ६० हजार ९२० रुपैयाँ, मनोरञ्जन तर्फ २ हजार, व्यवसाय रजिष्ट्रेसन दस्तुर तर्फ ७४ हजार ७४० रुपैयाँ, अन्य सेवा शुल्क तर्फ ३ लाख ३१ हजार ५० रुपैयाँ, अन्य प्रशासनिक सेवा शुल्क २९ हजार रुपैयाँ नक्सापास तर्फ १ हजार २ सय रुपैयाँ, सिफारिस तर्फ ६ लाख ९० हजार ४६५ व्यक्तिगत घटना दर्ता दस्तुर १ लाख ७ हजार ३ सय रुपैयाँ, नाता प्रमाणित ४८ हजार १ सय रुपैयाँ, अन्य दस्तुर १३ लाख १३ हजार ८५७ रुपैयाँ र व्यवसाय रजिष्ट्रेसन दस्तुर ९५ हजार रुपैयाँ राजश्व संकलन भएको जनाएको छ ।

गाउँपालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत २६ वटा योजनाहरु सम्पन्न गरेको छ । अध्यक्ष विकले प्रधानमन्त्री रोजगार कार्यक्रमको कार्य सम्पन्न गरी ५४ लाख ९९ हजार रुपैयाँ बजेट भुक्तानी गरिएको बताउनुभयो । उहाँले चालु आ.व.मा पालिकामा ९८३ जना बेरोजगार सूचिकृत भएको बताउनुभयो ।

## नेपालको...............

जेठ १८ मा (जुन १) मा नेपालले तेस्रो खेल खेल्नेछ । जेठ २० र २१ ( जुन ३ र ४) मा नेपालले चौथो र पाँचौं खेल खेल्नेछ । **नेपालको टोली :** रुविना क्षेत्री बेलबासे (कप्तान), सीता रानामगर, इन्दु बर्मा, कविता कुवँर, कविता जोशी, अश्मिना कर्माचार्य, कृतिका मरासिनी, विन्दु रावल, अप्सरी बेगम, काजोल श्रेष्ठ, सम्झना खड्का, ईश्वरी विष्ट, ज्याति पाण्डे र सरस्वती चौधरी । मुख्य प्रशिक्षक: स्यामसन जंग थापा


# खेतीयोग्य जमिनमा बस्ती नबसालौं

- खेतियोग्य जमिनमा बसोवास नगरौं/नगराऔं,
- हरियाली बातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार

कसैले कुनै कर्मचारी वा सेवाग्राहीलाई कार्यस्थलमा कुनै प्रकारको यौनजन्य दुर्व्यवहार गरेमा सोबाट पीडित कर्मचारी, सेवाग्राही वा निजका तर्फबाट जोसुकैले त्यस्तो व्यक्ति उपर व्यवस्थापक समक्ष पन्ध्र दिनभित्र लिखित वा मौखिक रुपमा गुनासो गर्न सक्छ ।

(कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१)

गण्डकी प्रदेश सरकार
आन्तरिक मामिला तथा कानून मन्त्रालय
पोखरा, नेपाल
फोन नं.: ०६१-४६७७३२/४६७७३३